# भिवोर विकास बैंक लिमिटेड

## सञ्चालकहरुको निर्वाचन सम्बन्धी निर्देशिका, २०६५

(मिति २०६५/०६/०६ मा बसेको सञ्चालक समितिको बैठकबाट पारित)

**प्रस्तावना**

सञ्चालकहरुको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले भिवोर विकास बैंक लिमिटेडको नियमावलीको नियम ८ को प्रयोजनको लागि सञ्चालक समितिले यो निर्वाचन सम्बन्धी निर्देशिका बनाएको छ। यस निर्देशिका २०६५ साल कार्तिक ८ गते शुक्रवार हुने प्रथम बार्षिक साधारण सभामा संस्थापक शेयरधनिको तर्फवाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन प्रयोजनको लागि मात्र लागु हुनेछ।

**परिच्छेद १ः प्राथमिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यो निर्देशिकाको नाम "भिवोर विकास बैंक लिमिटेडको सञ्चालकहरुको निर्वाचन सम्बन्धी निर्देशिका, २०६५" रहेको छ।

(ख) यो निर्देशिका बैंकको सञ्चालक समितिले स्वीकृत गरेपछि लागु हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनुपर्छ।

(ख) "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३"भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ लाई सम्झनु पर्छ।

(ग) "बैंक" भन्नाले भिवोर विकास बैंक लिमिटेडलाई जनाउनेछ।

(घ) "संचालक समिति" भन्नाले बैंकको सञ्चालक समितिलाई जनाउनेछ।

(ङ) "सञ्चालक" भन्नाले बैंकको सञ्चालक समितिको अध्यक्ष लगायतका सदस्यलाई जनाउनेछ।

(च) "शेयर"भन्नाले बैंककोसाधारण शेयर पूँजीको विभाजित अंशलाई जनाउनेछ।

(छ) "शेयरधनी" भन्नाले बैंकको शेयर किताबमा नाम दर्ता भएको व्यक्तिलाई जनाउनेछ।

(ज) "निर्वाचन" भन्नाले यस निर्देशिका बमोजिम हुने बैंकको सञ्चालकको निर्वाचनलाई जनाउनेछ।

(झ) "मतदाता" भन्नाले यो निर्देशिकामा उल्लेखित मतदातालाई जनाउनेछ।

(ञ) "उम्मेदवार" भन्नाले यो निर्देशिकामा उल्लेखित उम्मेदवारलाई जनाउनेछ।

(ट) "निर्वाचन अधिकृत" भन्नाले यो निर्देशिकामा उल्लेखित निर्वाचन अधिकृतलाई जनाउनेछ।

(ठ) "मतदान केन्द्र" भन्नाले मतदानको उद्देश्यको निमित्त निर्वाचन अधिकृतले तोकेको स्थानलाई जनाउने छ।

(ड) "प्रोक्सी(प्रतिनिधि)" भन्नाले बैंकको कुनै शेयरधनीले आफ्नो हकमा बैंकको सभामा उपस्थित हुन र /वा मतदान गर्न नियुक्त गरेको प्रोक्सी(प्रतिनिधी) लाई जनाउने छ। तर त्यसरी नियुक्त हुने प्रोक्सी बैंकको शेयरधनी मध्येकै हुनु पर्नेछ।

(ढ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले बैंकको प्रमुख कार्यकारी अधिकृतलाई जनाउने छ।

(ण) "सभा" भन्नाले बैंकको शेयरधनीहरुको बार्षिक साधारण सभालाई जनाउने छ।

परिच्छेद २ : निर्वाचन अधिकृत

३. **<u>निर्वाचन अधिकृतको नियुक्ति</u>**

साधारण सभाद्वारा मतदान गराई संचालक नियुक्त गर्न ऐन ,प्रवन्धपत्र, नियमावली, बैंक तथा वित्तिय संस्था सम्बधी ऐन र यस निर्देशिकाको अधिनमा रहने गरी चुनाव गराउने कार्यको निमित्त संचालक समितिले निर्वाचन अधिकृतको नियुक्त गर्नेछ । निजको काम ,कर्तब्य र अधिकार यसै निर्देशिका बमोजिम हुनेछ ।

४) **<u>उम्मेदवारको नामावली प्रकाशन:</u>**

तोकिएको समयभित्र दर्ता भएका दरखास्तहरुको जाँचबुझ गरी अनुसुची ४ को ढाँचामा उम्मेदवारहरुको प्रथम नामावली बैंकको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

५) **<u>उम्मेदवारको दावी विरोध:</u>**

(क) दफा ४ बमोजिम प्रकाशित उम्मेदवारको लागि योग्यता पुगेको छैन भनी उम्मेदवार वा शेयरवालाले अनुसुची १३ को ढाँचामा दावी विरोध गर्न सक्नेछ ।

(ख) दावी विरोध परेमा सम्बन्धीत उम्मेदवारलाई सफाईको मौका दिई छानबिन गरी निर्वाचन अधिकृतले निर्णय दिनुपर्नेछ । निजको निर्णय अन्तिम मानिनेछ ।

६) **<u>नाम फिर्ता लिने:</u>**

संचालक पदमा उम्मेदवार हुनको लागि दरखास्त दिने व्यक्तिले आफै उपस्थित भई वा प्रतिनिधिद्वारा आफ्नो नाम फिर्ता लिन चाहेमा अनुसूचि ५ बमोजिम दरखास्त दिनुपर्नेछ र निर्वाचन अधिकृतले निजको नाम लगतबाट कट्टा गरिदिनुपर्छ ।

७) **<u>निर्विरोध घोषित गर्ने :</u>**

उम्मेदवारको संख्या निर्वाचन गरिने पदको संख्या भन्दा बढी नभएमा उम्मेदवारी दर्ता भएका उम्मेदवार निर्विरोध भएको भनी निर्वाचन अधिकृतले घोषणा गर्नेछ ।

८) **<u>उम्मेदवारको अन्तिम नामावली प्रकाशित:</u>**

दावी विरोध माथि निर्णय भएपछि र उम्मेदवारी

फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन कार्यक्रममा उल्लेखित म्यादमा उम्मेदवारको अन्तिम नामावली अनुसुची नं ६ को ढांचामा बैंकको केन्द्रीय कार्यालयमा प्रकाशित गरिनेछ ।

९) **<u>वारेस वा प्रतिनिधी राख्न पाउने:</u>**

उम्मेदवारले उम्मेदवारी दर्ता गर्न, फिर्ता लिन र मतदान केन्द्रमा प्रतिनिधि राख्न चाहेमा अनुसुची नं.७ को ढाँचामा वारेस राख्न पाउनेछ ।

१०) **<u>मतपत्र:</u>**

अनुसुची ८ मा उल्लेखित ढाँचा बमोजिमको निर्वाचन अधिकृतको हस्ताक्षर भएको उम्मेदवारको नाम र मत संख्या उल्लेखित मतपत्र हुनेछ ।

११) **मतदानः**

(क) शेयरवालाको मताधिकार आफ्नो स्वामित्व भएको शेयर संख्याको अनुपात बमोजिम हुनेछ ।

(ख) मतदाताले मतदान गर्न पाउने मतहरु एउटै उम्मेदवारलाई वा एकभन्दा बढी उम्मेदवारलाई विभाजन गरी मतदान गर्न पाउने छ ।

(ग) कुनै व्यक्तिले नाम ढाँटी मतदान गर्न आएमा उम्मेदवार वा निजको वारेसले निर्वाचन अधिकृतसमक्ष विरोध गर्न पाउने छ ।

**परिच्छेद ३ : निर्वाचन संचालन**

१२. **मतदाताहरु**

(क) बैंकको शेयर दर्ता किताबमा नाम दर्ता भएका प्रत्येक व्यक्ति मतदाता मानिनेछ र निजले आफुले ग्रहण गरेको प्रत्येक शेयर वापत १(एक) मत दिन पाउने छन् ।

(ख) मताधिकार प्राप्त कुनै शेयरधनी आफैं उपस्थित भई मतदान गर्न नसक्ने भएमा ऐनले तोके अनुसारको प्रोक्सी फाराम भरी ४८घण्टा अगावै बैंकको प्रधान कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । तोकिएको मितिभन्दा पछि प्राप्त भएका प्रतिनिधि पत्रहरु अवैध मानिने छन् ।

(ग) शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जुन प्रतिनिधि पत्र बैंकमा पहिला दर्ता भएको हुन्छ त्यस्तो प्रतिनिधि पत्रमा उल्लेखित प्रतिनिधिले मात्र मतदान गर्न पाउनेछ ।

(घ) कुनै शेयरधनीले नियुक्त गरेको प्रतिनिधि रद्द गर्न चाहेमा वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा हुनुभन्दा २४ घण्टा अगावै सम्बन्धित शेयरधनी निर्वाचन अधिकृतको कार्यालयमा स्वयं उपस्थित भई लिखित निवेदन दर्ता गरिसक्नुपर्नेछ ।

१३. **मतदाता नामावली**

(क) मतदाताहरुको जानकारीको निमित्त मतदान हुने मितिभन्दा कम्तीमा ७ (सात) दिन अगावै निर्वाचन अधिकृतले मतदाताहरुको जानकारीको निमित्त मतदाताहरुको नाम, संक्षिप्त ठेगाना, ग्रहण गरेको शेयर संख्या तथा मताधिकार समेत खुलेको मतदाता नामावली बैंकको सूचना पाटीमा तथा बैंकको वेभ साइटमा प्रकाशित गर्नेछ ।

(ख) कुनै शेयरधनीले प्रकाशित मतदाता नामावलीमा आफ्नो कुनै विवरण गलत प्रकाशित भएको पाएमा सूचना प्रकाशित भएको मितिले २४ घण्टाभित्र दावी विरोध दर्ता गर्न पाउनेछ र दावि प्रमाणित भएमा तदनुरुप संसोधन गरिने छ ।

परिच्छेद ४ : उम्मेदवारी तथा उम्मेदवारी पत्र दर्ता गर्ने

१४. **उम्मेदवारको योग्यता**

ऐनको दफा ८९ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र नियमावलि बमोजिम अयोग्य नठहरिने, कुनैपनि शेयरधनी निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन योग्य ठहरिनेछ ।

१५. **मनोनयन पत्र दर्ता गर्ने**

माथि निर्देशिका १४ मा उल्लेख भए अनुसार योग्य उम्मेदवारले अनुसूचीमा तोकिएको ढाँचाको मनोनयन पत्र भरी निर्वाचन अधिकृत समक्ष आफैं व्यक्तिगत रुपमा उपस्थित भई निर्वाचन तालिकामा तोकिएको समयभित्र मनोनयन पत्र दाखिला गर्नुपर्नेछ । त्यस्तो मनोनयन पत्रमा १/१ जाना शेयरधनीले प्रस्तावक र समर्थक को रुपमा अनिवार्य हस्ताक्षर गरेको हुनुपर्नेछ ।

१६. **उम्मेदवारको दरखास्त रद्द हुने कारणहरु :**

(क) उम्मेदवारको प्रस्तावक र समर्थक शेयर धनी नभएमा,

(ख) उम्मेदवारको विरुद्ध सञ्चालक पदमा उम्मेदवार हुन नपाउने भनी गरिएको दावी विरोध प्रमाणित भएमा,

(ग) प्रस्तावक वा समर्थक आफै उम्मेदवार भएको वा अन्य उम्मेदवारको पनि प्रस्तावक वा समर्थक रहेको भएमा ।

(घ) दफा १४ बमोजिम योग्यता नपुगेको भएमा ।

१७. मनोनय पत्र दाखिला गर्ने समय व्यतीत भएपछि निर्वाचन अधिकृतले आफु समक्ष प्राप्त मनोनयन पत्रहरु जाँचबुझ गरी निर्वाचन तालिकामा उल्लेख भए बमोजिम उम्मेदवारहरुको प्रथम नामावली र कुनै कैफियत भए सो समेत प्रकाशित गर्नेछ ।

१८. कुनै उम्मेदवार विरुद्ध कुनै मतदाता वा कुनै उम्मेदवारले दावी विरोध दर्ता गर्न चाहेमा निर्वाचन तालिकामा उल्लेखित समयभित्र लिखित दावी विरोध दर्ता गराउन सकिनेछ ।

१९. कुनै उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा निर्वाचन तालिकामा उल्लेखित समयभित्र निर्वाचन अधिकृत समक्ष आफैं उपस्थित भई लिखित दरखास्त दिई उम्मेदवारी फिर्ता लिन सकिनेछ ।

२०. निर्वाचन अधिकृतले दर्ता भएका दावी विरोध तथा उम्मेदवारी फिर्ता पत्रको जाँचबुझ गरी निर्वाचन तालिकामा उल्लेखित समयभित्र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गर्नेछ ।

२१. निर्वाचन गर्नुपर्ने सञ्चालकको पदको संख्या भन्दा उम्मेदवारहरुको संख्या धेरै भएमा यो निर्देशिकामा उल्लेख भए बमोजिम मतदानको प्रक्रियाद्वारा निर्वाचित हुनेछन् ।

**परिच्छेद ५ : निर्वाचन तालिका**

निर्वाचन अधिकृतले बैंकको सञ्चालक समितिका अध्यक्षसँग परामर्श गरी एक निर्वाचन तालिका तयार पार्ने छन् र निर्वाचन हुने मितिभन्दा कम्तीमा १५ दिन अगावै बैंकको सूचना पाटीमा र बैंकको वेभसाइटमा सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिनेछ ।

# भिवोर विकास बैंक लिमिटेड

त्रिपुरेश्वर, काठमाडौंका शेयरधनी महानुभावहरुलाई
निर्वाचन कार्यक्रमको सूचना

यस कम्पनीको संचालक समितिमा संस्थापक समूहका शेयरवालाहरुको प्रतिनिधित्व गर्ने संचालक पदको निर्वाचनको प्रयोजनको लागी निम्नानुसारको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ :

| क्र.सं | कार्यक्रम | मिति २०६५ साल | समय | स्थान | कैफीयत |
|---|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन गर्ने | असोज ३० गते बिहिवार | बिहान १० बजे | भिवोर बिकास बैंक लि. | |
| २. | मतदाता नामावली उपर दावी विरोध गर्ने | कार्तिक १ गते शुक्रबार | दिउसो १  बजे सम्म | भिवोर बिकास बैंक लि. | |
| ३. | मतदाता नामावलीमा छानवीन तथा निर्णय गर्ने | कार्तिक १ गत शुक्रबार | अपराह्न ३ बजे सम्म | भिवोर बिकास बैंक लि. | |
| ४. | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | कार्तिक १ गत शुक्रबार | अपराह्न ४ बजे सम्म | भिवोर बिकास बैंक लि. | |
| ५. | मनोनयनपत्र दर्ता गर्ने | कार्तिक ३ गते आइतबार | बिहान १० बजे देखि दिउंसो २ बजे सम्म | भिवोर बिकास बैंक लि. | |
| ६. | मनोनयनपत्र दर्ता भएका उम्मेदवारको नामावली प्रकाशन गर्ने | कार्तिक ३ गते आइतबार | अपराह्न ३  बजे | भिवोर बिकास बैंक लि. | |
| ७. | उम्मेदवारको नामावलीमा दावी विरोध गर्न सक्ने | कार्तिक ४ गते सोमबार | दिउंसो २ बजे सम्म | भिवोर बिकास बैंक लि. | |
| ८. | उम्मेदवारको मनोनयनपत्र जाँच र उजुरी उपरको निर्णय गर्ने | कार्तिक ४ गते सोमबार | अपराह्न ३ बजे | भिवोर बिकास बैंक लि. | |
| ९. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने | कार्तिक ४ गते सोमबार | अपारह्न ४ बजे | भिवोर बिकास बैंक लि. | |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | कार्तिक ४ गते सोमबार | अपराह्न ५ बजे | भिवोर बिकास बैंक लि. | |
| ११. | मतदान गर्ने | कार्तिक ८ गते शुक्रवार | मतपत्र संकलन गर्ना साथ | होटल याक एण्ड यती, दरवार मार्ग | |
| १२. | मत गणना गर्ने | कार्तिक ८ गते शुक्रवार | मतदान कार्य सम्पन्न हुना साथ | होटल याक एण्ड यति, दरवार मार्ग | |
| १३. | निर्वाचन परिणाम घोषणा गर्ने | कार्तिक ८ गते शुक्रवार | मतगणना कार्य सम्पन्न भइ सकेपछि | होटल याक एण्ड यति, दरवार मार्ग | |

<u>द्रष्टब्यः</u>

१. प्रोक्सी मिति २०६५ कार्तिक ६ गते बुधवार अपराह्न ४ बजे सम्म कम्पनीको कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । प्रोक्सी बदर गर्नु परेमा साधारण सभा भन्दा २४ घण्टा अगावै बदर गर्नुपर्नेछ ।

२. दोहोरो प्रोक्सी दर्ता हुन आएमा पहिले दर्ता भएकोलाई मान्यता दिइने छ ।

३. उम्मेदवार संचालक पदको लागि प्रचलित नेपाल कानुनबमोजिम योग्यता पुगेको हुनपर्ने र अनिवार्य रुपमा व्यक्तिगत विवरण पेश गर्नुपर्नेछ ।

मितिः२०६५/६/१० गते

निर्वाचन अधिकृत

**परिच्छेद ६ : मतदान केन्द्र, मतपत्र तथा मतपेटिका**

२२. प्रत्येक मतदातालाई निजले ग्रहण गरेको बैंकको शेयर संख्या बराबर संख्याको मतपत्र दिईनेछ । मतदान गर्दा मतदाताले आफूले पाएको मतपत्र आफ्नो ईच्छानुसार एकै उम्मेदवार वा एक भन्दा बढी उम्मेदवारको पक्षमा मतदान गर्न सक्ने छन् ।

२३. मतदाताहरुलाई वितरण गरिने मतपत्रमा निर्वाचन अधिकृतको दस्तखत तथा बैंकको छाप लागेको हुनेछ । मतदाताले एक भन्दा बढी उम्मेदवारलाइ मतदान गर्ने भएमा मत संख्याको अनुपातमा निजको माग बमोजिम उम्मेदवार संख्याको आधारमा मतपत्र दिइनेछ ।

२४. **प्रवेश निषेध :**

(क) मतदान केन्द्रमा उम्मेदवार, वारेस, सम्बन्धीत कर्मचारी र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न दिईने छैन । मतदानको लागि तोकिएको समय समाप्त भएपछि मतदान केन्द्रमा मतदातालाई प्रवेश निषेध गरिनेछ ।

(ख) शारीरिक रुपले असमर्थ वा निरक्षर मतदाताले मतदान कार्यको लागि सहयोग मागेमा निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२५. मतदान सकिएपछि बाँकी रहेको मतपत्र, प्रयोग भएको मतदाता नामावली खाममा बन्द गरी निर्वाचन अधिकृतले लाहाछाप लगाउनुपर्नेछ र वितरित मतपत्रको संख्या समेत खामबाहिर खुलाउनुपर्नेछ ।

२६. **मतदान स्थगित गर्नेः**

काबुबाहिरको परिस्थिति पर्न गई मतदान स्थगित गराउनु बाञ्छनिय लागेमा अध्यक्षको आदेशद्वारा निर्वाचन कार्य स्थगित गराउन सक्नेछ ।

**परिच्छेद ७ : मतपेटिका तथा मतगणना**

२७. निर्वाचनमा प्रयोग हुने मतपेटिकाहरु निर्वाचन अधिकृत र उम्मेदवार वा निजका प्रतिनिधिहरुको उपस्थितिमा जाँचबुझ गरी मतदान केन्द्रमा राखिनेछ ।

२८. मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले सबै सिलबन्दी मतपेटिकाहरु संकलन गरी उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा संकलित मतपेटिकाहरु खोली मतगणना कार्य शुरु गर्नेछ । निर्वाचन अधिकृतले आवश्यक देखेमा पुनः मतगणना गर्न सक्नेछ । निर्वाचनमा प्रत्येक उम्मेदवारले पाएको मत खुल्ने गरी मततालिका तयार पारिनेछ र त्यस्तो तालिकामा उम्मेदवारबाट वा निजको प्रतिनिधिहरुको दस्तखत गराईनेछ । कुनै उम्मेदवार वा निजको प्रतिनिधिले मतगणना तालिकामा दस्तखत गर्न अस्विकार गरेको कारणले मात्र त्यसको वैधता समाप्त हुने छैन ।

२९. कुनै कारणवशः मतगणना कार्य स्थगन गर्नु परेमा निर्वाचन अधिकृतले गणना भईसकेका र गणना हुन बाँकी समेत सबै मतपत्रहरु, मतगणना तालिका र निर्वाचन सम्बन्धी अन्य कागजात आफ्नो नियन्त्रणमा लिई मतगणना कार्य स्थगित गर्न सक्नेछ । त्यसरी स्थगित भएको मतगणना कार्य लगत्तै अर्को दिन निर्वाचन अधिकृतले तोकेको समय र स्थानमा हुनेछ ।

३०. मतगणना गर्ने स्थानमा निर्वाचन अधिकृत, निजका सहयोगी कर्मचारी, उम्मेदवार र /वा निजको एकजना प्रतिनिधि तथा निर्वाचन अधिकृतले स्विकृती दिएको व्यक्ति मात्रले प्रवेश गर्न पाउने छ ।

३१. मत गणना गर्दा निम्न लिखित मतपत्रहरु बदर हुने भइकोले त्यस्ता मतपत्रहरु छुट्याएर लगत राख्नुपर्दछ ।

(क) बैंकको छाप नलागेको,मत संख्या उल्लेख नभएको र निर्वाचन अधिकृतको दस्तखत नभएको मतपत्र,

(ख) कसलाई मत दिएको भन्ने संकेत नभएको मतपत्र वा एकभन्दा बढी उम्मेदवारको नाममा पर्ने गरी संकेत लगाईएको मतपत्र,

(ग) कसले मत पाएको भन्ने संकेत बाहेक अन्य कुनै चिन्ह, छाप, लेख आदि उल्लेख भएको मतपत्र,

(घ) मताधिकार प्रयोग नगर्ने उद्देश्यले निर्वाचन अधिकृतलाई फर्काएको मत,

(ङ) च्यातिएको मतपत्र ।

३२. कुनै मतपत्रको वैधता बारे प्रश्न उठेमा निर्वाचन अधिकृतले तत्कालै निर्णय दिने छन् र त्यस्तो निर्णय सबै प्रयोजनको लागि अन्तिम र मान्य हुनेछ ।

३३. <u>नतिजा प्रकाशन गर्ने</u> :

(क) मतगणना कार्य समाप्त हुने बित्तिकै निर्वाचन अधिकृतले सबै उम्मेदवारहरुले प्राप्त गरेको मत खुल्ने गरी नतिजा विवरण तयार पार्ने छन् र नतिजा प्रकाशित गर्ने छन् । अधिकतम मत प्राप्त गर्ने चार जना उम्मेदवार निर्वाचित हुनेछन् ।

(ख) उमेदवारले मत बराबर पाई निर्वाचित हुन नसक्ने स्थिति आएमा गोलाहाली निर्णय गर्नुपर्छ । गोलाबाट निर्वाचित उमेदवार बहुमतद्वारा निर्वाचित भएको सरह मानिनेछ ।

**परिच्छेद :८ विविध**

३४. निर्वाचनसँग सम्बन्धित सबै कागजपत्रहरु निर्वाचन सकिएको मितिले कम्तीमा ३ (तीन) महिनासम्म सिलबन्दी गरी सुरक्षित साथ गोप्य राखिनेछ ।

३५. कानूनतः उल्लेख गर्नु पर्नेमा बाहेक निर्वाचनमा संलग्न भएका कुनै पनि अधिकृत, कर्मचारी, उम्मेदवार वा तिनका प्रतिनिधिले कुनै मतदाताले कुनै उम्मेदवारलाई मतदान दिएको सम्बन्धमा आफुलाई जानकारी भएको कुरा कुनैपनि तवरले खोल्न पाईने छैन ।

३६. यी निर्देशिकाहरुमा उल्लेखित कुनै कुरा बैंकको प्रबन्ध पत्र, नियमावली, कम्पनी ऐन तथा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐनसँग बाझिएमा बाझिएको हदसम्म निष्क्रय हुनेछ ।

३७. बैंकको सञ्चालक समितिले यी निर्देशिकाहरुमा थपघट वा संशोधन गर्न सक्नेछ ।

३८. यस निर्देशिकाको व्याख्या गर्ने अधिकार सञ्चालक समितिको अध्यक्षलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ ।